# माछापुच्छ्रे गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ०७ संख्याः २१ मितिः २०८०।१०।०८

## भाग-२

सम्बत् २०८० सालको कार्यविधि नं १२

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम गाउँपालिका गाउँकार्यपालिकाले बनाएको माछापुच्छ्रे गाउँपालिकाको" **माछापुच्छ्रे गाउँपालिका अन्तर्गतका साधारण निर्माणमुखी नदीजन्य पदार्थ उत्खनन,ब्यवस्थापनका कार्यमा मेशीनरी उपकरण प्रयोग तथा नियमन सम्बन्धी कार्यविधि २०८०"** सर्वसाधरणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**माछापुच्छ्रे गाउँपालिका अन्तर्गतका साधारण निर्माणमुखी नदीजन्य पदार्थ उत्खनन,व्यवस्थापनका कार्यमा मेशीनरी उपकरण प्रयोग तथा नियमन सम्बन्धी कार्यविधि २०८०**

प्रस्तावना : माछापुच्छ्रे गाउँपालिका क्षेत्रका नदी किनारा, साधारण निर्माणमुखी (ढुङ्गा, गिट्टी, वालुवा, ग्रावेल, माटो,पाँगो, दहत्तर बहत्तर ) पदार्थको स्रोत तथा घाटहरुबाट साधारण निर्माणमुखी नदीजन्य पदार्थको (ढुङ्गा, गिट्टी, वालुवा, ग्रावेल, माटो,पाँगो, दहत्तर बहत्तर) दिगो व्यवस्थापन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (११) (घ) को उपदफा ६ तथा दफा (११) (प) को उपदफा (७)तथा ढुङ्गा, गिट्टी, वालुवा, उत्खनन विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा (४) को उपदफा (४) बमोजिम नदी किनारा तथा प्राकृतिक नदीजन्य पदार्थ व्यवस्थापनका सम्बन्धमा स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन, सोको आवश्यकता र औचित्यका आधारमा मेशनरी उपकरण प्रयोग सम्बन्धी कार्य व्यवस्थित गर्न गराउन साथै विपद्जन्य अवस्थामा ढुङ्गा, गिट्टी, वालुवा, पहिरोजन्य लगायतका सामाग्रीहरुको व्यवस्थापन गर्न वान्छनीय भएकोले माछापुच्छ्रे गाउँपालिकाले माछापुच्छ्रे गाउँपालिका अन्तर्गत साधारण निर्माणमुखी नदीजन्य पदार्थ उत्खनन,व्यवस्थापनका कार्यमा मेशीनरी उपकरण प्रयोग तथा नियमन सम्बन्धी कार्यविधी, २०८० बनाइ लागू गरीएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम माछापुच्छ्रे गाउँपालिका क्षेत्रका नदी किनारा तथा घाटहरुबाट साधारण निर्माणमुखी नदीजन्यपदार्थ व्यवस्थापनका सम्वन्धमा मेशनरी उपकरण प्रयोग तथा नियमन सम्बन्धी कार्यविधी, २०८० रहेको छ ।

(२) यो कार्यविधि माछापुच्छ्रे गाउँपालिका क्षेत्रभर लागू हुनेछ ।

(३) यो कार्यविधि गाउँ कार्यपालिकाले स्वीकृत गरी स्थानीय राजपत्रमा प्रकाशन गरेको मितिदेखि लागू हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो कार्यविधिमा,

क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनुपर्छ ।

ख) "नदीजन्य पदार्थ" भन्नाले नदी, खोला, खोल्सी, खहरे, बाढी पहिरोले बगाई ल्याएको, खोल्सा र खहरेको किनार तथा आसपासका बनक्षेत्र, सार्वजनिक जग्गा वा नदी उकास क्षेत्र वा निजिजग्गामा थेग्रिएको ढुङ्गा, ग्रावेल, बालुवा, गिट्टी, भस्कट, मिस्कट, गेग्रान,माटो सम्झनु पर्छ ।

ग) “ढुङ्गा, गिट्टी, वालुवा, माटो, चट्टान, दहत्तर, बहत्तर” भन्नाले नदी, खोला, खोल्सी, वन क्षेत्र, वा सार्वजानिक वा निजी जग्गा वाट उत्खनन वा संकलन गरिने बहुमुल्य पत्थर, ऐतिहासिक र सांस्कृतिक महत्वका शालीग्राम, शीला र अति मूल्यवान बस्तु बाहेकका ढुङ्गा, गिट्टी, वालुवा रोडा, गेग्रान, चट्टान, माटो जस्ता नदीले बगाई ल्याएको वा थिग्रिएको नदी तथा साधारण निर्माणमुखी खानीजन्य प्राकृतिक स्रोतलाई सम्झनु पर्दछ ।

घ) “गाउँ  कार्यपालिका” भन्नाले माछापुच्छ्रे महागाउँ पालाको गाउँ  कार्यपालिकालाई सम्झनु पर्छ ।

ङ) "मेशनरी उपकरण भन्नाले नदीजन्य प्राकृतिक पदार्थहरु उत्खनन् तथा संकलनका लागी प्रयोग गरिने एक्साभेटर,

व्याकहोल लोडर वा सोही प्रकृतिको अन्य उपकरणलाई सम्झनु पर्दछ ।

च) "प्रस्ताव" भन्नाले विद्यमान वातावरणीय अवस्थामा परिवर्तन ल्याउन सक्ने किसिमको स्थानीय कानून बमोजिम संञ्चालनगरिने वा अनुमति प्राप्त विकास कार्य, भौतिक क्रियाकलाप वा भू-उपयोगको परिवर्तन गर्ने कुनै योजना, आयोजना वाकार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा तयार गरिएको प्रस्ताव सम्झनु पर्छ ।

छ) "प्रस्तावक" भन्नाले प्रस्तावको स्वीकृतिको लागि निवेदन दिने र त्यस्तो प्रस्ताव कार्यान्वयन गर्न स्वीकृति प्राप्त व्यक्ति,सरकारी, अर्ध सरकारी वा गैर सरकारी निकाय वा योजनालाई सम्झनु पर्छ ।

ज) “वातावरणीय अध्ययन प्रतिवेदन” भन्नाले संक्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय परिक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धमा तयार गरिएको प्रतिवेदन सम्झनु पर्छ ।

झ) “अनुगमन समिति” भन्नाले दफा (५) बमोजिमको अनुगमन समिति सम्झनु पर्छ ।

**३. मेशिनरी औजारको प्रयोग सम्बन्धि शर्त तथा मापदण्डहरु**

३.१ बाढी पहिरो भूक्षय जस्ता अन्य प्राकृतिक बिपदको कारण जम्मा भएको पदार्थहरु जोखिम न्यूनीकरणको लागि हटाउनुपर्ने अवस्था उत्पन्न भएमा जिल्ला विपद व्यवस्थापन समितिको शिफारिसमा यसै कार्यविधि बमोजिम मेशनरी उपकरण प्रयोग गर्न सकिनेछ ।

३.२ नदीजन्य पदार्थहरु उत्खनन् तथा संकलन गर्दा श्रममुलक प्रविधिको प्रयोग गरिने छ। तर नदीजन्य पदार्थहरुको थेग्रान, ढिस्का आदिका कारण प्राकृतिक वहाव परिवर्तन हुने जोखिम उत्पन्न हुने अवस्थामा मेशनरी उपकरण प्रयोग गरी हटाउनु पर्ने भएमा तथा नदीजन्य पदार्थ उत्खनन तथा संकलन गर्दा नदीका प्राकृतिक बहावलाई असर नपर्ने, आसपासका खेती योग्य जग्गा जमिनलाइ सुरक्षित राख्नका लागि उपयुक्त परिमाणमा मात्र उत्खनन गर्न स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा तोकिएका शर्त तथा मापदण्डको अनिवार्य पालना गर्ने गरी उत्खनन् तथा संकलन स्थलको आयतन, गहिराई, परिमाण, तल्लो तथा माथिल्लो विन्दु खुलेको जि पि एस नक्सा, प्रयोग हुने मेसिनरी साधनको विवरण सहित तोकीएको मापदण्ड पालना गर्ने स्व घोषणा र स्पस्ट उत्खनन् कार्ययोजना लगायत मेसिनरी उपकरणको प्रकार, संख्या र प्रयोग गर्नुपर्ने समय सिमा लगायत अन्य आवस्यक कागजात सहित अनुमतिका लागि अनुसुची (१) वमोजिम निवेदन दिनु पर्ने छ ।

३.३ गाउँपालिका  क्षेत्रभित्र सञ्चालन भएका तथा सञ्चालन हुने गाउँ स्तरिय, प्रदेश तथा राष्ट्रिय गौरवका योजनाहरुलाई आवश्यक पर्ने नदीजन्य पदार्थहरु ढुङ्गा, गिट्टी, बालुवा लगायतका पदार्थ सहज र व्यवस्थित रुपले उपलव्ध गराउन आवस्यक भएमा समेत त्यस्तो आयोजनाहरुले स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनका आधारमा अनुसुची (१) वमोजिम अनुमति लिनुपर्नेछ ।

३.४ उपदफा (३.३) बमोजिम  संरक्षण क्षेत्र अन्तर्गत पर्ने नदी घाटहरुबाट राष्ट्रिय गौरवका योजनाहरुलाई आवश्यक पर्ने नदीजन्य पदार्थहरु दुङ्गा, गिट्टी, बालुवा व्यवस्थित रुपले उपलब्ध गराउन आवस्यक भएमा अनुसुची (१) वमोजिम अनुमति लिनु पर्नेछ । साथै उपदफा (ङ) बमोजिम संरक्षण क्षेत्र हेर्ने निकायको  समितिको शर्त तथा मापदण्डको अनिवार्य रुपमा पालना हुने गरी उत्खनन् अनुमति प्रदान गर्न सकिनेछ ।

३.५ उपदफा (३.२) र उपदफा (३.४) वमोजिम प्राप्त निवेदन उपर विषय विज्ञ सहितको गाउँपालिका को स्थानीय अनुगमन समितिले आवस्यक छानविन, स्थलगत अनुगमन गरी प्राप्त प्रतिवेदनका आधारमा कार्यपालिकाको बैठकले निश्चित समयसीमा तथा मापदण्ड तोकी अनुसुची (२) वमोजिम अनुमती प्रदान गर्न सक्ने छ ।

३.६ उपदफा (३.४) वमोजिम उत्खनन तथा संकलन अनुमति प्राप्त आयोजनाले उत्खनन् भएको परिमाण सहित दैनिक प्रतिवेदन तयार गरी साप्ताहिक रुपमा गाउँपालिकामा बुझाउनु पर्ने छ ।

३.७ उपदफा (३.३) बमोजिम राष्ट्रिय गौरवका योजनाहरुलाई संकलित प्राकृतिक पदार्थहरु अन्य प्रयोजनका लागि प्रयोग गर्न पाईने छैन । सो भएको पुष्टी भएमा नियमानुसार जरिवाना गरि सम्बन्धित आयोजनावाट असुलउपर गरिनेछ ।

**४. मेशीनरी औजार प्रयोग सम्बन्धी अन्य मापदण्डहरु**

४.१ असार, श्रावण र भाद्र बाहेकका महिनाहरुमा स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन (IEE) मा उल्लेखित तथा सम्झौता अवधिभर प्राविधिक नापचाँच समेतका आधारमा तोकिएका मापदण्ड अनुरुप नदिजन्य पदार्थ संकलन गर्न सकिने छ । तोकिएको क्षेत्रबाट नदीजन्य सामाग्री संकलन र उत्खनन कार्य सामान्यतया हाते औजारहरु जस्तै कुटो, कोदालो, गैचि, साबेल आदिबाट गरिनेछ । नदीका प्राकृतिक बहावमा प्रतिकूल असर नपर्ने र बहावमा परिवर्तन हुने गरी कुनै पनि किसिमले संकलन र उत्खनन कार्य गर्न पाईने छैन । गाउँपालिकाको राजश्व संकलन कार्यलाइ थप व्यवस्थित गर्न, आयोजनाहरु सञ्चालन कार्यलाइ थप गति प्रदान गर्न र वातावरणीय दृष्टिबाट कुनै पनि नकारात्मक प्रभाव पर्न नदिने गरी नदी घाट क्षेत्रबाट नदीजन्य पदार्थ उत्खनन तथा संकलन गर्नका लागि स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन (IEE) अनुरुप देहायका प्रकृया र विधि बमोजिम नदीजन्य पदार्थ संकलन/उत्खनन गर्ने कार्यमा मेशीनरी उपकरण प्रयोग गर्न सकिने व्यवस्था मिलाउनु पर्नेछ। नदीका प्राकृतिक बहावमा प्रतिकूल असर नपर्ने र बहाव परिवर्तन नहुने गरी तपशिलका अवस्थामा नदी क्षेत्रमा मेशीनरी उपकरण प्रयोग गर्न ईजाजत दिन सकिनेछ ।

४.१.१ बाढी, पहिरो तथा जलउत्पन्न प्रकोपको खतरा देखिएको अवस्थामा विपद ब्यबस्थापन समितिको सिफारिशमा उक्त क्षेत्रको पदार्थ हटाउन ।

४.१.२ गाउँपालिका  क्षेत्रभित्र सञ्चालन भएका तथा सचालन हुने गाउँ स्तरिय, प्रदेश तथा राष्ट्रिय गौरवका योजनाहरुलाई आवश्यक पर्ने नदीजन्य प्राकृतिक पदार्थहरु स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन (IEE) मा उल्लेख भए बमोजिमका परिमाणका उपलब्ध गराउन ।

४.२ नदीजन्य पदार्थ संकलन र उत्खनन कार्यमा मेशनिरी उपकरणको प्रयोग गर्दा देहाय बमोजिमका प्रक्रिया अनिवार्य रुपमा पुरा गर्नुपर्नेछ ।

(क) गाउँपालिका  स्तरिय अनुगमन समितिले तोकिएको क्षेत्र र परिमाण सम्म मात्र उत्खनन/संकलन गर्ने गरी स्वीकृत बातावरणीय अध्ययन प्रतिवेदन (IEE) बमोजिम मेशनिरी उपकरणको प्रयोग गर्न र त्यसरी प्रयोग गर्ने उपकरणको कागजात र नम्बर अनिवार्य रुपमा गाउँपालिकामा पेश गरी गाउँपालिका ले जिल्ला अनुगमन तथा समन्वय समितिमा जानकारी गराई अभिलेखीकरण गरेको हुनुपर्नेछ ।

(ख) बुदाँ न. (क) बमोजिम स्वीकृति दिंदा सामग्री संकलन गर्ने क्षेत्र, विधि तथा परिमाण खुलाएको हुनुपर्नेछ।

(ग) पानीको बहाव भित्रबाट नदीजन्य पदार्थ उत्खनन/संकलन गर्न पाईने  छैन ।

(घ) उत्खनन स्थलमा उत्खनन सम्बन्धी सम्पूर्ण विवरण खुल्ने गरी होर्डिङ्गवोड राख्नु पर्नेछ ।

(ड) गाउँपालिको स्वीकृति नलिइ कसैले उत्खनन/संकलन क्षेत्रमा मेशिनरी औजार प्रवेश गराउन पाउने छैन।

(च) रातीका समयमा मेशिनरीका प्रयोग गरी वा नगरी कुनै पनि बिधिबाट सामग्री संकलन गर्न पाईनेछैन ।

(छ) नदी क्षेत्रमा मेशिन प्रयोग स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन (IEE) उल्लेखित क्षेत्रमा उत्खनन् कार्ययोजनामा उल्लेखित संख्यामा मात्र मेशिनरी औजार प्रवेशको स्वीकृति दिन व्यवस्था गाउँपालिकाले मिलाउने छ ।

(ज) स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन (IEE) मा तोकिएका दैनिक उत्खनन गर्न पाउने परिमाण भन्दा वढी उत्खनन गर्न पाईने छैन।

(झ) माथि उल्लेख गरिएका विषयहरुको हकमा सोहि बमोजिम हुने तथा नदीजन्य पदार्थको संकलन तथा व्यवस्थापनका सम्बन्धमा स्थानीय कानून एवं जिल्ला. प्रदेश र संघीय कानुनमा उल्लेख भए बमोजिम कार्य सन्चालन हुने गरी गाउँपालिकाले जुनसुकै बेलामा गरेको निर्णय र दिएको आदेश निर्देशन एवं राय सुझावहरुलाई सम्बन्धित पक्षले अनिवार्य रुपमा पालना गर्नु पर्ने छ ।

**५. संबेदनशिल क्षेत्रमा प्रयोग गर्न नहुनेः** (क) दफा (३) बमोजिम अनुमति प्राप्त भएको अवस्था वाहेक गाउँपालिका  क्षेत्र अन्तर्गतका सामुदायीक बन, सार्वजानिक महत्वका क्षेत्र तथा अन्य सम्वेदनशिल क्षेत्र भनी तोकिएका क्षेत्र भित्र प्रयोग गर्न पाईने छैन ।

(ख) अनुसुची (२) वमोजिम अनुमति प्राप्त आयोजनाहरुले नदी तटिय क्षेत्र भण्डारण तथा अन्य स्थानमा घाटगद्दी  गर्न पाईने छैन ।

**६. मेसिनरी उपकरण प्रयोग गरी गरिने उत्खनन् कार्य योजना (Excavation Plan) पेश गर्नु पर्नेः** नदीजन्य पदार्थ उत्खनन् गर्न गाउँ पालिका बाट स्वीकृती प्राप्त व्यक्ति तथा संस्थाले यथा सम्भव भारी मेशीनरी औजारको प्रयोग नगरी सामान्य औजारउपकरणहरु प्रयोग गरेर उत्खनन् गर्नु पर्नेछ । मेशीन उपकरण प्रयोग गरी उत्खनन् गर्दा गाउँ पालिकामा कार्ययोजनाबनाई पेश गर्नु पर्नेछ ।

### ७. कार्ययोजना (Excavation Plan) नमुना फारम

| क स | विवरण | व्यहोरा/किसिम/परिमाण | कैफियत |
|---|---|---|---|
| १ | मेशीनरी उपकरणको किसिम | | |
| २ | प्रयोग हुने मेसिन उपकरणको संख्या | | |
| ३ | प्रयोग हुने क्षेत्र | | |
| ४ | प्रयोग हुने कारण | | |
| ५ | प्रयोग हुने समय | | |
| ६ | प्रयोग हुने महिना | | |
| ७ | प्रयोग गर्ने बिधि र प्रक्रिया | | |
| ८ | अधिकतम गहिराइ, लम्बाई र चौडाई | | |
| ९ | चेनेज | | |
| १० | उत्खनन संकलन हुने अनुमानत परिमाण घन मि (मासिक ) | | |
| ११ | मुख्य बस्ति देखि मेशिन उपकरणको प्रयोग गर्ने क्षेत्र सम्मको औषत दुरी | | |
| १२ | स्थानीय सडक देखि मेशिन उपकरणको प्रयोग गर्ने क्षेत्र सम्मको औषत दुरी | | |
| १३ | अन्य संबेदनशिल क्षेत्र् भए उल्लेख गर्ने | | |

### ८. अनुगमन तथा निरिक्षणः

(क) माछापुच्छ्रे गाउँपालिका क्षेत्रका नदी किनारा तथा घाटहरुबाट नदीजन्य पदार्थ ब्यवस्थापनका सम्बन्धमा सम्वन्धीत नदी, घाट, तथा पहिरोजन्य स्थानहरुको अनुगमन तथा नियमन तपशिल बमोजिम गठित समितिबाट हुनेछ ।

गाउँपालिका उपाध्यक्ष — संयोजक

प्रमुख प्रशासकिय अधिकृत -सदस्य

पुर्वाधार शाखा प्रमुख — सदस्य

विपत व्यवस्थापन शाखा प्रमुख — सदस्य

राजश्व शाखा प्रमुख- सदस्य सचिब

समितिले आवश्यकता अनुसार सम्बन्धित क्षेत्रको विज्ञ आमन्त्रित गर्न सक्नेछ ।

अनुगमन प्रतिवेदन माछापुच्छ्रे गाउँपालिकामा पेश गरी सोको जनकारी जिल्ला अनुगमन तथा समन्वय समिति समक्षपठाउनु पर्ने छ। साथै आवश्यकता अनुसार जिल्ला अनुगमन समिति तथा अन्य सरोकारवाला निकायले पनि अनुगमन गर्न सक्नेछन ।

(ख) अनुगमनको चेक लिस्ट अनुसूची - ३ बमोजिम हुनेछ ।

**९. निषेधित कार्यहरुः** (१) यस कार्यविधि वमोजिम देहाएका कार्यहरु निषेधित गरिएको छ ।

(२) प्रारम्भिक वातावरणीय परिक्षण वा प्राविधिक परिक्षण प्रतिवेदन स्वीकृत नगरी सार्वजनिक खोला नदीजन्य पदार्थ ढुंगा,माटो, गिट्टी, बालुवा, दहत्तर, बहत्तर उत्खनन, संकलन तथा भण्डारण गर्न ।

(३) स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनका तथा अनुमति प्रदान गर्दा बखतका शर्त तथा मापदण्ड उल्लंघन गर्न ।

(४) अनुमति विपरित उत्खनन तथा स्वीकृत प्राप्त भएको भन्दा बढी र अन्यत्र स्थानबाट उत्खनन, संकलन तथा डुवानी गर्न ।

**१०. दण्ड सजायको व्यवस्थाः** दफा ९ को उपदफा २,३,४ मा उल्लेखित निषेधित कार्य गरेमा गाउँ कार्यपालिकाको निर्णय तथा जिल्ला अनुगमन तथा समन्वय समितिबाट निर्धारण गरे बमोजिमको दररेटमा दण्ड जरिवाना तथा सामाग्री जफत गर्ने आदेश दिइनेछ ।

**११. थपघट तथा हेरफेरः** यो कार्यविधि आवस्यकता अनुसार गाउँ कार्यपालिकाले थपघट, हेरफेर वा संशोधन गर्न सक्नेछ ।

**१२. बाघा बड्काउ फुकाउः** यो कार्यविधिको कार्यान्वयनका क्रममा कुनै बाधा अड्काउ आईपरेमा गाउँ कार्यपालिकाले बाधा अड्काउ फुकाउ गर्न सक्ने छ ।

## अनुसूची १

## ( भारी उपकरण प्रयोगका लागि अनुमति माग गर्ने निबेदन )

श्रीमान अध्यक्षज्यु,

माछापुच्छ्रे गाउँपालिका लाहाचोक कास्की ।

विषय : भारी उपकरण प्रयोगका लागि अनुमति सम्बन्धमा

प्रस्तुत विषयमा ....................................................संचालित ........................................................योजनाका लागि आवश्यक पर्ने नदीजन्य पदार्थ उत्खनन् तथा संकलनका लागी मेशनरी उपकरण प्रयोग गर्नु पर्ने भएकोले नियमानुसार मेशनरी उपकरण प्रयोगको अनुमती प्रदान गरिदिनु हुन आवश्यक कागजपत्र सहित यो निवेदन पेश गरेको छु ।

१. योजनाको नामः

२. योजना कार्यान्वयन गर्ने व्यवशायीको नाम, ठेगानाः

३. योजनाको लागतः

४. योजनाको सम्पन्न हुने अनुमानित मितिः

५. योजनाका लागि आवश्यक पर्ने नदीजन्य पदार्थको अनुमानित परिमाणः

६. पायक पर्ने नजिकको उत्खनन् तथा संकलन स्थानः

७. उत्खनन् तथा संकलनका लागि प्रयोग हुने मेशनरी उपकरणको प्रकार र संख्याः

८. दुवानीका लागी प्रयोग हुने सवारी साधन संख्या र प्रयोग हुने सवारी साधनको ब्लु बुक र सवारी लाईसेन्सको प्रमाण पत्र

९. अनुगमन कार्यतालिका सहित तोकीएको मापदण्ड पालना गर्ने स्वघोषणा

१०. उत्खनन् कार्ययोजना

११. अन्य आवस्यक कागजातहरु

उत्खनन कार्ययोजना

| क स | विवरण | व्यहोरा/किसिम/परिमाण | कैफियत |
|---|---|---|---|
| १ | मेशीनरी उपकरणको किसिम | | |
| २ | प्रयोग हुने मेसिन उपकरणको संख्या | | |
| ३ | प्रयोग हुने क्षेत्र | | |

माछापुच्छ्रे गाउँपालिका

| | | | |
|---|---|---|---|
| ४ | प्रयोग हुने कारण | | |
| ५ | प्रयोग हुने समय | | |
| ६ | प्रयोग हुने महिना | | |
| ७ | प्रयोग गर्ने बिधि र प्रक्रिया | | |
| ८ | अधिकतम गहिराइ, लम्बाई र चौडाई | | |
| ९ | चेनेज | | |
| १० | उत्खनन संकलन हुने अनुमानत परिमाण घन मि (मासिक ) | | |
| ११ | मुख्य बस्ति देखि मेशिन उपकरणको प्रयोग गर्ने क्षेत्र सम्मको औषत दुरी | | |
| १२ | स्थानीय सडक देखि मेशिन उपकरणको प्रयोग गर्ने क्षेत्र सम्मको औषत दुरी | | |
| १३ | अन्य संबेदनशिल क्षेत्र् भए उल्लेख गर्ने | | |

निवेदकको हस्ताक्षर

नाम ...............................

ठेगाना ..............................

फर्मको छाप

सम्पर्क नं

माछापुच्छ्रे गाउँपालिका

# अनुसूची २

## ( भारी उपकरण प्रयोग गरि नदिजन्य प्राकृतिक पदार्थ व्यवस्थापन गर्दा सहमति दिने विवरण )

नदी/घाट/ स्थानको नाम :

ठेगाना

उत्खनन / संकलनकर्ता :

| क्र. स | विवरण | | पहिलो स्थान | दोश्रो स्थान | कैफियत |
|---|---|---|---|---|---|
| १ | भारी उपकरण प्रयोग गर्ने स्थानको विवरण | तल्लो बिन्दु | | | |
| | | माथिल्लो बिन्दु | | | |
| | | लम्बाई | | | |
| | | चौडाई | | | |
| | | गहिराई | | | |
| | | माटो : ढुंगाः ग्राभेल : बालुवा | | | |
| २ | नदिजन्य पदार्थ उत्खनन / संकलनको अवस्था | सहमति दिइएको परिमाण | | | |
| | | हाल सम्म उत्खनन परिमाण | | | |
| | | वाँकी परिमाण | | | |
| ३ | भारी उपकरण प्रयोग गर्ने स्थानको विवरण | तल्लो बिन्दु | | | |
| | | माथिल्लो बिन्दु | | | |
| | | लम्बाई | | | |
| | | चौडाई | | | |
| | | गहिराई | | | |
| | | | | | |
| ४ | प्रयोग गरिने भारी उपकरणको विवरण | संख्या | | | |
| | | नाम | | | |
| | | नम्बर | | | |
| ५ | पहुँच मार्ग | | | | |
| ६ | प्रयोग गरिने भारी उपकरणको समयावधि | समयावधि | | | |
| | | प्रतिदिन | | | |
| | | समय | | | |
| ७ | सुपरिवेक्षण तथा समन्वय | प्राबिधिक/ कर्मचारी / प्रतिनीध | | | |
| | | स्थानीय समुदायवाट प्रतिनीध | | | |
| ८ | अनुगमन संयन्त्र | नदिजन्य अनुगमन समिति | | | |
| ९ | रिपोर्ट गर्ने तरिका र बिधि | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १० | पहुँच मार्ग | | | | |
| ११ | अन्य | | | | |

माछापुच्छ्रे गाउँपालिका

## अनुसूची ३

**(माछापुच्छ्रे गाउँपालिका अनुगमन समितिबाट अनुगमन गर्दा प्रयोग हुने अनुगमन चेक लिस्ट )**

नदी/घाट/ स्थानको नाम :

ठेगाना

उत्खनन / संकलनकर्ता :

| सि. नं | विवरण | छ वा छैन | कैफियत |
|---|---|---|---|
| १ | मेशिनको उपकरणको प्रयोग सम्झौता अनुसार | | |
| २ | प्रयोग हुने मेशिनको संख्या सम्झौता अनुसार | | |
| ३ | प्रयोग हुने क्षेत्र पालना भएको | | |
| ४ | संकलन, उत्खनन र ढुवानीको समय पालना भएको | | |
| ५ | तोकिएको अधिकतम नापको मापदण्ड पालना भएको | | |
| ६ | उत्खनन , संकलनको अधिकतम परिमाण पालना भएको | | |
| ७ | थुपार्ने काम नदि तटीय क्षेत्रमा नगर्ने विषय पालना भएको | | |
| ८ | दैनिक उत्खनन अभिलेख | | |
| ९ | दैनिक ढुवानी / बिक्रि तेरिज | | |
| १० | उत्खनन, संकलनको परिमाण चौकिल्लाको रेखांकन सहितको नाप नक्सा राखेको | | |
| ११ | पंहुच मार्गको धुलो उड्न नदिन नियमित पनि छर्कने प्रबन्ध | | |
| १२ | उत्खनन स्थलमा काम गर्ने कामदारका लागि अस्थायी शौचालयको प्रबन्ध गरेको | | |
| १३ | तोकिएको ढांचामा सूचना पाटि राखेको | | |
| १४ | ढुवानी र ओसार पसार सम्बन्धि मापदण्ड पालना | | |
| १५ | तोकिएको बजार मूल्य पालना | | |
| १६ | अन्य कुनै बिषय | | |

आज्ञाले,
गोपी कृष्ण अर्याल
प्रमुख प्रशासकीय अधिकृत

माछापुच्छ्रे गाउँपालिका